## सम्वत् २०८२ साल भाद्र ४ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. कोशी प्रदेश सभा सचिवालयबाट प्राप्त संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०८२ लाई समर्थन गर्ने।

२. अधिकृतस्तर छैठौं तहका काशीराज पराजुलीलाई प्रचलित कानुनको अधिनमा रही २ वर्ष अवधिका लागि कार्यालय समय बाहेकको समयमा सहभागी हुन सक्ने गरी कुनै बैंक, कम्पनी वा सहकारी संस्थाको स्थापना, रजिष्ट्रेशन वा संचालनको कामका भाग लिन वा कुनै व्यवसाय गर्ने कार्यको लागि पूर्व स्वीकृति प्रदान गर्ने।

३. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः उद्योग, कृषि तथा सहकारी मन्त्रालयका प्रदेश सचिव डा. शरण कुमार पाण्डेलाई भारतको गुजरातमा मिति २०८२ भाद्र १ गते देखि ५ गतेसम्म हुने अध्ययन भ्रमणमा मनोनयन गर्ने।

४. उद्योग, कृषि तथा सहकारी मन्त्रालयः उपसचिव श्री भुपेन्द्र खनाललाई प्रदेश सहकारी रजिष्ट्रार कार्यालयको रजिष्ट्रार तोक्ने।

## सम्वत् २०८२ साल भाद्र १६ गते बसेको मन्त्रिपरिषद् बैठकको निर्णयहरू:

१. प्रदेश सचिव श्री यदुचन्द्र घिमिरेलाई स्वास्थ्य मन्त्रालय, कोशी प्रदेशको प्रदेश सचिवको रिक्त पदमा कामकाज गर्न खटाउने।

२. भौतिक पूर्वाधार विकास मन्त्रालयः नेपाली जन-सम्पर्क समिति कुवेतको आयोजनामा वीपी जयन्ती तथा समितिको स्थापना दिवस कार्यक्रममा भौतिक पूर्वाधार विकास मन्त्रालयका मा. मन्त्री भुपेन्द्र राईज्यूको भर्मण खर्च आयोजक स्वयंले व्यहोर्ने गरी सहभागिताका लागि कुवेत भ्रमण स्वीकृत गर्ने।

*द्रष्टव्यः निर्णयसँग सम्बन्धित विस्तृत जानकारी सम्बन्धित मन्त्रालयबाटै प्राप्त गर्न सकिनेछ।*